**नेपाल सरकार**

## शान्ति तथा पुनर्निर्माण मन्त्रालय

# शान्तिकोष सचिवालय

**बबरमहल, काठमाण्डौ**

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२।०३।२०)**

१. यस सचिवालयलाई आवश्यक सुरक्षा सम्वन्धी सेवा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले ईच्छुक फर्म, सस्था वा कम्पनीहरुवाट निम्न शर्तका अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२ दरभाउपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने देहायका कागजातहरु दरभाउपत्रदाताले दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि (नविकरण भएको) ।

ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

ग) प्यान (PAN) ( मू.अ.कर दर्ता समेत) प्रमाणपत्रको प्रतिलिपि

घ) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

ङ) आ.व. ०७०/७१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. दरभाउपत्र फाराम रु. ३००।- (फिर्ता नहुने गरी) तिरी यस सचिवालयबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७२।४।३ सम्म खरिद गरी १६ औं दिन २०७२।४।४ गतेको १२.०० बजेभित्र सिलवन्दी गरी यस सचिवालयमा दाखिला गरिसक्नु पर्नेछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सचिवालयमा सुरक्षित रहनेछ ।

४. यो सूचना यस सचिवालयको वेभसाइट www.nptf.gov.np तथा यस सचिवालयको सूचना पाटीमा समेत हेर्न सकिनेछ ।